नेपाल पत्रकार महासंघ
Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति, सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०८२।०३।१०

## शोक विज्ञप्ति

नेपाल पत्रकार महासंघका पूर्वकेन्द्रीय सदस्य क्षितिज अरुण श्रेष्ठको ५५ वर्षको उमेरमा असामयिक निधन भएको दु:खद् खबरले महासंघ स्तब्ध र दु:खी भएको छ । ललितपुरको पाटन अस्पतालमा उपचाररत श्रेष्ठको असार ८ गते आइतबार निधन भएको हो ।

उहाँले वि. सं. २०५४ देखि २०५६ सम्म पहिलो पटक र २०५६ मंसिर १८ गतेदेखि २०५९ वैशाख ३० गतेसम्म दोस्रो पटक महासंघको केन्द्रीय सदस्यका रूपमा दुई कार्यकाल व्यतीत गर्नु भएको थियो ।

लामो समय खेलकुद र फोटो पत्रकारितामा क्रियाशील रहेका श्रेष्ठले विभिन्न सञ्चार माध्यममा काम गर्नुभएको थियो । उहाँको निधनले नेपाली पत्रकारिता जगत्ले एक कुशल, जुझारु र अनुभवी पत्रकारलाई गुमाएको छ ।

महासंघ स्वर्गीय श्रेष्ठप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछ । साथै, शोकको यस घडीमा उहाँकी धर्मपत्नी र छोरीसहित शोकसन्तप्त परिवारजनमा धैर्यधारणको कामना गर्दै गहिरो समवेदना प्रकट गर्दछ ।

स्वर्गीय श्रेष्ठका श्रीमती र एक छोरी हुनुहुन्छ ।

रामप्रसाद दाहाल
महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org